# बाह्रदशी राजपत्र

बाह्रदशी गाउँपालिकाद्धारा प्रकाशित

खण्ड ८, झापा, कोशी प्रदेश, नेपाल, कार्तिक ०६ गते २०८१ (संख्या १)


भाग २

# बाह्रदशी गाउँपालिका लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०८१

बाह्रदशी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

कोशी प्रदेश

...प्रसाद चम्लागाई

अध्यक्ष

CamScanner

# वाह्रदशी गाउँपालिका लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०८१

नेपालको संविधानमा लैङ्गिक विभेदको अन्त्य गर्ने संकल्प सहित महिलालाई लैङ्गिक भेदभावविना समान वंशीय हक, सुरक्षित मातृत्व सम्बन्धी हक, राज्यकासवै निकायमा समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने लगायतका मौलिक हकको प्रत्याभूत गरी महिला विरुद्धका सवै प्रकारका भेदभाव तथा हिंसा जस्ता जघन्य अपराधलाई दण्डनीय बनाई पिडितलाई क्षतिपुर्ति दिलाउने र शिक्षा, स्वास्थ्य, रोजगारी तथा सामाजिक सुरक्षामा विशेष अवसरद्धारा लैङ्गिक समानता कायम गर्ने व्यवस्था भएअनुरुप वाह्रदशी गाउँपालिकाले महिलामाथि हुने सवै प्रकारका हिंसा विभेद, गलत अभ्यास आदिका विरुद्धमा कार्यक्रम सञ्चालन गर्दै आईरहेको छ । हिंसाबाट पिडितलाई तत्काल उद्धार गर्न, औषधि उपचार गर्न, कानुनी सहायता, मनोवैज्ञानिक उपचार लगायतका कार्य गर्न नेपाल सरकारबाट राजपत्रमा प्रकाशित **लैङ्गिक हिंसा निवारण कोष ( सञ्चालन) (दोस्रो संसोधन) नियमावली २०७६** को भावना अनुरुप महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट सशर्त अनुदानमा प्राप्त रकम र स्थानीय तह लगायत अन्यत्रबाट प्राप्त रकम समेतलाई लैङ्गिक हिंसा निवारण कोष स्थापना गरी सो कोषबाट पीडितलाई तत्काल उद्धार र राहत तथा पुनर्स्थापना गर्ने, पीडित तथा प्रभावितलाई रकम प्रदान गर्ने कार्यलाई सरल सहज एवं एकरुप बनाउने उदेश्यले वाह्रदशी गाउँपालिकाको **प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०८० को दफा ४** ले दिएको अधिकार प्रयोग गरी वाह्रदशी गाउँ कार्यपालिकाले यो कार्यविधि तर्जुमा गरी लागु गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यस कार्यविधिको नाम "लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि २०८१" रहेको छ ।

ख) यो कार्यविधि गाउँकार्यपालिका बाट स्वीकृत भएपछि लागु हुनेछ ।

**२. परिभाषाः**

विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) "गाउँपालिका" भन्नाले **वाह्रदशी गाउँपालिका** सम्झनु पर्छ ।

ख) "मन्त्रालय" भन्नाले महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्झनु पर्छ ।

ग) "कोष" भन्नाले गाउँपालिकामा स्थापना गरिएको **लैङ्गिक हिंसा निवारण कोष** सम्झनु पर्दछ ।

घ) "रकम" भन्नाले वाह्रदशी गाउँपालिकामा सशर्त अनुदान प्राप्त भएको रकम वा यसै कार्यविधिको दफा ३ अनुसार प्राप्त भई लैङ्गिक हिंसा निवारण कोषमा जम्मा गरिएको रकम सम्झनु पर्दछ ।

ङ) "पीडित" भन्नाले लैङ्गिक हिंसाबाट पीडित वा प्रभावित सम्झनु पर्छ ।

रविन्द्र प्रसाद चापागाई
अध्यक्ष

च) "तत्काल उद्धार तथा राहत समिति" भन्नाले पीडितलाई राहत तथा गाउँपालिकामा गठित स्थानिय तत्काल उद्धार तथा राहत समितिलाई सम्झनु पर्छ।

छ) **"लैङ्गिक हिंसा"** भन्नाले कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार, शारीरिक हिंसा, मानसिक हिंसा, यौनजन्य हिंसा, आर्थिक हिंसा, सामाजिक कुरीतिजन्य व्यवहार लगायत लैङ्गिक आधारमा हुने हिंसा सम्झनु पर्छ ।

**३. कोषको स्थापनाः**

१) लैङ्गिक हिंसा निवारण कोष नामको एक कोष स्थापना गरिएको छ ।

२) कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन

क) गाउँसभाबाट विनियोजित रकम,

ख) नेपाल सरकारबाट प्राप्त रकम,

ग) प्रदेश सरकारबाट प्राप्त रकम,

ग विदेशी व्यक्ति, अन्तराष्ट्रिय संघ संस्था वा सरकारबाट प्राप्त रकम,

घ) स्वदेशी व्यक्ति वा संघ संस्था बाट प्राप्त रकम,

ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम

**४.कोषमा रकम जम्मा गर्नेः**

दफा ३ को उपदफा २ बमोजिमको रकम आवस्यकता अनुसार कोषमा जम्मा गर्नुपर्नेछ ।

**५.कोषको उपयोगः**

१) कोषको रकम देहायको कामको लागि उपलब्ध गराउन उपयोग गरिनेछ ।

क) पीडितलाई तत्काल उद्धार गर्न,

ख) पीडितलाई औषधि उपचार गर्न,

ग) पीडितलाई तत्काल उपचार गराउँदा लागेको खर्च पीडकले तत्काल व्यहोर्न नसक्ने भई अदालतको आदेश बमोजिम त्यस्तो पीडितको स्वास्थ्य उपचार गर्न,

घ) संकटासन्न अवस्थामा रहेका महिला, वालवालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुको लागि अल्पकालिन सेवा केन्द्र संचालनको लागि रकम प्रदान गर्न,

रविन्द्र प्रसाद चम्लागाई
अध्यक्ष

बाहदशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चकचकी, झापा
कोशी प्रदेश, नेपाल

ङ) प्रदेश, जिल्ला वा अन्य स्थानीय तहमा स्थापना भई सञ्चालनमा भैरहेका तथा मन्त्रालयले स्थानीय तहमा हस्तान्तरण गरेका अल्पकालीन सेवा केन्द्र संचालनको लागि रकम प्रदान गर्न,

च) पीडितलाई कानुनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोविमर्श लगायतका सेवा प्रदान गर्न,

छ) सीपमुलक तालिम प्राप्त पीडितलाई स्वरोजगारका लागि व्यवसाय स्थापना खर्च रकम अनुदानका रुपमा प्रदान गर्न

ज) हिंसापीडित र प्रभावित महिलाका लागि पुनर्स्थापना केन्द्र सञ्चालन गर्न,

झ) पीडितलाई पुनस्थापना गराउन,

ञ) लैंगिक हिंसा र यौनजन्य दुर्व्यवहारको कसुरबाट पीडितले प्रचलित कानुन बमोजिम कसुरदारबाट प्राप्त गर्नुपर्ने क्षतिपुर्ति त्यस्तो कसुरदारको कुनै सम्पति नभएको कारणबाट प्राप्त गर्न नसक्ने देखिई अदालतको आदेश बमोजिमको रकम पीडितलाई क्षतिपुर्ति स्वरुप भराउन लेखी आएमा क्षतिपुर्ति दिन ।

२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएता पनि स्थानीय तत्काल राहत तथा उद्दार समितिले लैङ्गिक हिंसाबाट पीडित बालबालिका तथा किशोर किशोरी वा लैङ्गिक हिंसा बाट प्रभावित भई लागु पदार्थको दुर्व्यसनमा फसेका वा सडकमा आएका व्यक्तिलाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सक्नेछ ।

**६. कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने :**

१) कोषको रकम **दफा ५ मा** लेखिए बाहेकको अन्य कार्यमा उपयोग गर्न सकिने छैन ।

२. प्रशासनिक तथा वैठक भत्ता जस्ता शिर्षकमा कोषको रकमवाट खर्च गर्न सकिने छैन ।

**७. स्थानीय तत्काल उद्धार तथा राहत समितिको गठनः**

१) पीडितलाई तत्काल उद्धार, राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने कामको लागि एक स्थानीय तत्काल उद्धार तथा राहत समितिको गठन गरिने छ ।

२) स्थानीय तत्काल उद्धार तथा राहत समितिको गठन देहाय बमोजिम रहनेछ ।

| | | |
|---|---|---|
| क) | गाउपालिका उपाध्यक्ष | संयोजक |
| ख) | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ग) | इलाका प्रहरी प्रमुख | सदस्य |

देविन्द्र प्रसाद चम्लागाई
अध्यक्ष

CamScanner

घ) स्थानीय गैरसरकारी संस्थाका प्रतिनिधि मध्ये अध्यक्षले मनोनित गरेको सदस्य

ङ) महिला तथा बालबालिका शाखा प्रमुख सदस्य सचिव

३) उपदफा २ बमोजिमको सदस्यको पदावधि ३ बर्षको हुनेछ।

४) स्थानीय तत्काल उद्धार तथा राहत समितिको सचिवालय गाउँपालिकामा रहनेछ।

५) स्थानीय तत्काल उद्धार तथा राहत समितिको बैठक सम्वन्धी कार्यविधि सो समितिले आफैं निर्धारण गरे बमोजिम हुनेछ।

**८. स्थानीय तत्काल उद्धार तथा राहत समितिको काम कर्तव्य अधिकार:**

स्थानीय तत्काल उद्धार तथा राहत समितिको काम कर्तव्य अधिकार देहाय बमोजिम हुनेछ।

क) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने,

ख) राहत तथा आर्थिक सहयोगको सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन गर्ने वा गराउने,

ग) लैङ्गिक हिंसा निवारणको क्षेत्रमा कार्यरत विभिन्न संघ संस्था तथा निकायहरु बीच समन्वय गर्ने,

घ) लैङ्गिक हिंसा हुन नदिनको लागि स्थानीय स्तरमा जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने।

**९.राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधार:**

१) यस कार्यविधि बमोजिम पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउँदा देहायको आधारमा देहायको रकम नबढ्ने गरी उपलब्ध गराईने छ।

क) पीडितलाई तत्काल उद्धार गर्नुपर्ने भएमा सवारी साधन प्रयोग गर्नु पर्ने भए सवारी सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खर्चबापतको रकम र बास बस्नु पर्ने भए सो बापत छुट्टै रकम दिनु पर्ने भएमा दफा ७ बमोजिमको समितिको सिफारिसमा बढीमा पाँच हजार रुपैंया सम्म,

ख) पीडितलाई अस्पताल भर्ना गरी औषधि उपचार गर्नुपर्ने भएमा अस्पताल आउँदाजाँदा सवारी साधन प्रयोग गर्नुपर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना खर्चबापतको रकम र अस्पतालमा वस्ने व्यवस्था नभई बाहिर बस्नु पर्ने भएमा बढीमा पाँच दिनको बास खर्च बापतको रकम र उपचार खर्च समेत गरी बढीमा छ हजार रुपैंयामा नबढ्ने गरी लागेको यथार्थ खर्च,

रविन्द्र प्रसाद बल्लागाई
अध्यक्ष

ग)  पीडित सँग कुनै बालबच्चा भए बालबच्चाका लागि पीडित सरहको खाना खर्च रकम,

घ)  कानुनी सहायता, मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि पाँच हजार रुपैंयामा नबढ्ने गरी लागेको यथार्थ खर्च,

ङ)  पुनर्स्थापनाको लागि बढीमा दश हजार रुपैंया,

च)  हिंसा पीडितले कुनै सीपमुलक तालिम प्राप्त गरी व्यवसाय सञ्चालन गर्नका लागि बस्तुगत तथा नगद अनुदान माग गरेमा बढीमा प्रतिव्यक्ति तीस हजार रुपैंया,

छ)  प्रदेश, जिल्ला वा अन्य स्थानीय तहमा स्थापना भई संचालन भैरहेका तथा मन्त्रालयले स्थानीय तहमा हस्तान्तरण गरेका अल्पकालीन सेवा केन्द्रमा गाउँपालिका बाट हिंसा पीडितलाई पुनर्स्थापना गराईएको भए र सो सेवा केन्द्रबाट माग भई आएमा स्थानीय तत्काल उद्धार तथा राहत समितिले निर्णय गरे बमोजिमको रकम,

ज)  संकटासन्न अवस्थामा रहेका महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुको लागि अल्पकालिन सेवा केन्द्र संचालनको लागि माग भई आएमा स्थानीय तत्काल उद्धार तथा राहत समितिले निर्णय गरेबमोजिमको रकम,

२)  उपदफा १ बमोजिमको रकम अपर्याप्त भएको मनासिव आधार र प्रमाण सहित कुनै पीडितले कार्यालयमा निवेदन दिएमा र सो व्यहोरा मनासिव देखिएमा राहत समितिले त्यस्तो पीडितलाई तीन हजार रुपैंयामा नबढ्ने गरी मनासिव रकम थप गरी दिन सक्नेछ ।

**१०. राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनुपर्ने :**

१)  यस कार्यविधि बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनुपर्ने मनासिव कारण खुलाई गाउँपालिकामा निवेदन दिनु पर्नेछ ।

२)  उपदफा १ बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा पीडितलाई राहत तथा आर्थिक सहयोग गर्नुपर्ने देखिएमा स्थानीय तत्काल उद्धार तथा राहत समितिले दफा ८ को अधिनमा रही पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने छ ।

३)  यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि जलाइएको, एसिड प्रयोग गरी वा छर्की वा त्यस्तो पदार्थले पोलेको लगायतका गम्भिर प्रकृतिका घटनाका पीडितलाई उद्धार, औषधि उपचार, पुनर्स्थापना वा राहत लगायतको प्रयोजनका लागि तत्काल आर्थिक सहयोग प्रदान नगरेमा गम्भिर मानवीय क्षति

रविन्द्र प्रसाद चम्लागाई
अध्यक्ष

CamScanner

हुने देखिएमा र सञ्चालक समितिको तत्काल बैठक बस्ने अवस्था नरहेमा सञ्चालक समितिको अध्यक्षले आवस्यकता र औचित्यका आधारमा बढीमा रु १०,००० रकम कोषबाट पीडितलाई उपलब्ध गराउन सक्नेछ ।

**११. छुट्टै खाता खोल्नु पर्ने :**

१) लैङ्गिक हिंसा निवारण कोषमा प्राप्त भएको रकम कुनै बैंकमा छुट्टै खाता खोली जम्मा गर्नुपर्ने छ ।

२) उपदफा १ बमोजिमको खाताको सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

**१२. कोषको लेखा र लेखापरीक्षणः**

१) कोषको आयव्ययको लेखा प्रचलित कानुन बमोजिम राखिनेछ ।

२) कोषको लेखापरीक्षण महालेखा परीक्षकवाट हुनेछ ।

**१३.आवर्ती (रिभल्भिङ) कोषः**

यो कोष आवर्ती (रिभल्भिङ) कोषको रुपमा रहने छ ।

**१४.प्रतिवेदन पेश गर्नेः**

स्थानीय तत्काल उद्धार तथा राहत समितिले प्रत्येक तीन महिनामा भए गरेका काम कारवाहीको प्रतिवेदन गाउँपालिकाका पेश गर्ने तथा मन्त्रालयमा पठाउनु पर्नेछ ।

**१५.बैठक भत्ताः**

स्थानीय तत्काल राहत तथा उद्धार समितिका पदाधिकारीले सो समितिको बैठकमा भाग लिए बापत गाउपालिकाले तोके बमोजिमको रकम बैठक भत्ता बापत पाउनेछन्।

**१६. समन्वय गर्नेः**

स्थानीय तत्काल उद्धार तथा राहत समितिले मन्त्रालय, केन्द्रिय तथा प्रदेश तत्काल उद्धार तथा राहत समिति सँग आवस्यक समयमा समन्वयात्मक ढंगले काम गर्नेछ ।

देविन्द्र प्रसाद चम्लागाई
अध्यक्ष

CS CamScanner

चक्रघट्टी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चकचकी, झापा
कोशी प्रदेश, नेपाल

अनुसुची

(दफा १० को उपदफा १ सँग सम्वन्धित)

विषय: सहयोग उपलब्ध गराई पाँउ ।

श्री अध्यक्ष ज्यु,

स्थानीय तत्काल उद्धार तथा राहत समिति............।

म............................मा वस्ने/ बर्ष ........को ................मिति ...........मा लैङ्गिक हिंसाबाट पीडित भएको छु । मेरो आर्थिक स्तर ज्यादै कमजोर रहेको छ । म उपर लैङ्गिक हिंसा (...............) भएको कारणले मेरो मानसिक/शारिरीक/सामाजिक अवस्था कमजोर भई अशक्त अवस्थामा रहेको हुनाले मलाई औषधि उपचार /कानुनी सहायता एवं परामर्श /उद्धार/मनोविमर्श/स्वरोजगार/पुनर्स्थापना/अन्य ........कामको लागि सहयोगको आवस्यकता परेको हुँदा स्थानीय लैङ्गिक हिंसा निवारण कोषबाट नियमानुसार सहयोग रकम उपलब्ध गराई दिनुहुन यो निवेदन पेश गरेको छु ।

निवेदकको नामः
नाम थरः
ठेगानाः
दस्तखतः
मितिः

आज्ञाले,
जनार्दन निरौला
प्रमुख प्रशासकीय अधिकृत

रविन्द्र प्रसाद चम्लागाई
अध्यक्ष

CamScanner